# सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित

**खण्ड ४, संख्या ५**

**आश्वीन १३ गते २०७७ साल**


# भाग २

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको कार्यविधि, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

## सुनकोशी गाउँपालिकाको आपतकालीन तथा जोखिममा रहेका बालबालिकाहरुको लागि आकस्मिक कोष (सञ्चालन) कार्यविधि, २०७७

सुनकोशी गाउँपालिका भित्र बसोबास गर्ने आपत्कालिन तथा जोखिममा परेको अवस्थामा तत्काल सहयोग गरी निजलाई थप जोखिम हुन बाट जोगाउन र संरक्षण गर्न तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारीक पुर्नमिलन तथा पुनर्स्थापना गराउनका लागि एक कोष स्थापना गर्न आवश्यक भएकोले बालबालिका सम्वन्धि ऐन २०७५ को दफा ६३ को उपदफा ४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को त. १ र ५ तथा दफा ७० मा व्यवस्था भए बमोजिम आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले सुनकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रामटार सिन्धुलीले यो कार्यविधि जारी गरेको छ।

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०६/१२

प्रमाणीरकण मिति : २०७७/०६/१२

१) **कार्यविधिको नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **सुनकोशी गाउँपालिकाको आपत्कालिन तथा जोखिममा रहेका बालबालिकाको लागि आकस्मिक कोष (सञ्चालन) कार्यविधि २०७७** रहेको छ।

ख) यो कार्यविधी सुनकोशी गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ।

२) **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ख) आपत्कालिन वा जोखिममा रहेका बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नभएका यस कार्यविधिको दफा (४) बमोजिम कोषबाट सहयोग प्राप्त गर्ने समुहका लाभग्राही बालबालिका सम्झनु पर्दछ।

ग) कार्यपालिका भन्नाले सुनकोशी गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्दछ।

घ) कोष भन्नाले आपत्कालिन अवस्था तथा जोखिममा रहेका बालबालिकाहरुलाई सहयोग गर्न यस कार्यविधिद्धारा सञ्चालन हुने आकस्मिक कोषलाई सम्झनु पर्दछ।

ङ) गाउँपालिका भन्नाले सुनकोशी गाउँपालिका, रामटार सिन्धुली सम्झनु पर्दछ।

च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

छ) वडा कार्यालय भन्नाले गाउँपालिका भित्रका वडा कार्यालयहरु सम्झनु पर्दछ।

ज) कार्यविधि भन्नाले सुनकोशी गाउँपालिकाको आपत्कालिन तथा जोखिममा रहेका बालबालिकाको लागि आकस्मिक कोष (सञ्चालन)कार्यविधि २०७७ भन्ने बुझ्नु पर्दछ।

झ) बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नभएका व्यक्तिलाई सम्झनु पर्दछ।

३) **उद्देश्यः**

यस कार्यविधीको उद्देश्य देहाय बमोजिम हुने छ :

क) आपत्कालिन तथा जोखिममा रहेका बालबालिकालाई तत्काल सहयोग गरी निजहरुको संरक्षणमा सहयोग पुर्‍याउने।

ख) बालबालिकालाई थप जोखिम हुन बाट जोगाउने।

**४) कोषबाट सहयोग प्राप्त गर्ने समुहका बालबालिकाः**

क) बाबु आमा दुवैको मृत्यू भई आफै घरमुली भएका बालबालिका,

ख) बाबु आमा दुवैको मृत्यू भई आफन्त( परिवारका अन्य नातेदार)को रेखदेखमा रहेका बालबालिका,

ग) पितृत्व तथा मातृत्वको ठेगान नभई अलपत्र अवस्थामा फेला परेका बालबालिका,

घ) आमा बाबु दुवै मानसिक रोगी ,पूर्ण अपांगता, वेपत्ता भई उनीहरुबाट उचित संरक्षण पाउन नसकेको बालबालिका ।

ङ) बाबु आमा वा बाबु वा आमाले परित्याग गरी अलपत्र वेवारिसे छाडिएका बालबालिका,

च) बाबु वा आमा वा दुवैले अर्को विवाह गरी वेवास्था गरीएका तथा संरक्षणको समस्या भएका बालबालिका,

छ) बालबालिका विरुद्धको अपराध, यौन दुर्व्यवहार, हिंसाको कारण मनोसामाजिक तथा कानुनी उपचार गर्नु पर्ने आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारका बालबालिका,

ज) प्रकोप वा मानवजन्य विपत्ती वा द्धन्द वा अन्य कुनै कारण बाबु आमा दुवैको मृत्यू भएको कोही पनि आफन्त नभई अरुको संरक्षण र रेखदेखमा रहेका बालबालिका ,

झ) प्रकोप वा मानव जन्य विपत्ती वा द्धन्द वा अन्य कुनै कारण शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाबाट वञ्चित बालबालिका,

ञ) प्रकोप वा मानव जन्य विपत्ती वा द्धन्द वा अन्य कुनै कारण शारीरिक वा मानसिक रुपमा अपांग भई संरक्षण र उपचारको समस्या भएका घाइते बालबालिका,

ट) आर्थिक रुपमा विपन्न एच.आई.भी.संक्रमित वा एड्स प्रभावित बालबालिका,

ठ) बाबु बेपत्ता वा बाबुले छाडेको विपन्न परिवारको नवजात शिशु र सुत्केरी महिला ।

**५) कोषको स्थापनाः**

गाउँकार्यपालिकाले गाउँपालिका तथा वडा क्षेत्र भित्र आपत्कालिन तथा जोखिममा रहेका बालबालिकालाई तत्काल सहयोग गर्न यो कोषको स्थापना तथा सञ्चालन गरिने छ ।कोषको रकम जम्मा गर्न कोषको मुद्दती निक्षेप खाता वा कोषको बचत वा चल्ती खाता खोलिने छ। कोषमा देहाय बमोजिमको रकम जम्मा हुने छ :

क) संघीय वा प्रादेशिक सरकारबाट प्राप्त रकम,

ख) गाउँपालिकाको कोष स्थापना र सञ्चालनको निमित्त जम्मा गरेको रकम,

ग) विभिन्न संघ संस्थाबाट प्राप्त सहयोग रकम,

घ) कोषमा अन्य कुनै श्रोतबाट प्राप्त हुन आएको रकम

**६) सहयोग सम्वन्धि मापदण्डः**

१) गाउँपालिका भित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका छन् भनि कसैले समिति समक्ष निवेदन दिन वा लिखित वा मौखिक रुपमा जानकारी दिन सक्नेछन्।

२. उपनियम (१) बमोजिम जानकारी प्राप्त भए पछि सदस्य सचिवले आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउने छन्।

३. उपनियम(२) बमोजिमको प्रकृया पछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने लागेमा समितिको बैठक आव्हान गरिने छ।

**७) कोषको रकम खर्च गर्ने प्रकृयाः**

कोषको रकम देहाय बमोजिम खर्च गरिने छ :

क) कोषमा प्राप्त भएको रकम अक्षय कोष खडा गरी वैंकमा बचत खाता खोली राखिने छ र सो कोषको रकम बालबालिकालाई आपत्कालिन सहयोग गर्न खर्च गरिने छ।

ख) कोषको खाता सञ्चालन संयोजक र एक जना सदस्यको संयुक्त दस्तखतबाट हुने छ।

ग) कोषबाट दफा(४) मा उल्लेख गरिएको समुहका बालबालिकालाई सहयोग गरिने छ।

घ) कोषबाट एक जनालाई एक पटक मात्र सहयोग गरिने छ तर एक पटक भन्दा बढी सहयोग गर्नु पर्ने अवस्था भएमा समितिको निर्णयले थप दुई पटक सहयोग गर्न सकिने छ।

ङ) रु २०००(दुई हजार) भन्दा बढीको सहयोग चेक मार्फत गर्नु पर्ने छ।

च) कोषबाट एक पटकमा १०००। देखि रु ५०००। सम्म सहयोग गर्न सकिने छ। यस्तो रकम बालबालिकाको औचित्य, उपादेयता र संवेदनशिलताको आधारमा प्रदान गरिने छ।

**८) कोषको व्यवस्थापन तथा सञ्चालक समितिको व्यवस्था**

१. कोष सञ्चालनको लागि देहाय बमोजिम ९ जनाको कोष व्यवस्थापन तथा सञ्चालक समिति रहने छ :

क) गाउँकार्यपालिकाले आफू मध्येबाट तोकेको पदाधिकारी — अध्यक्ष

ख) बालबालिकाको क्षेत्र हेर्ने गाउँपालिकाको विषयगत समितिको संयोजक — सदस्य

ग) शिक्षा शाखा प्रमुख — सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख — सदस्य

ङ) गाउँपालिकामा संचालित सामुदायिक वा सार्वजनिक माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँपालिकाले तोकेको एक जना व्यक्ति — सदस्य

च) गाउँपालिकामा काम गर्ने संघ संस्थाहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको एक जना महिला सहित दुई जना सदस्य — सदस्य

छ) वडा बाल संजाल समितिबाट एक जना — सदस्य

ज) महिला तथा बालबालिका शाखा/सामाजिक विकास शाखा प्रमुख — सदस्य सचिव

२) समितिको कार्यकाल दुई वर्षको हुने छ।

**९) कोष व्यवस्थापन तथा सञ्चालक समितिको काम, कर्तव्य, दायित्व तथा अधिकारः**

कोष व्यवस्थापन तथा सञ्चालक समितिको काम, कर्तव्य, दायित्व तथा अधिकार देहाय बमोजिम हुने छ :

क) यस कोषबाट सहयोग गर्नु पर्ने दफा ४ मा उल्लेख गरिएका लाभग्राही बालबालिकाको पहिचान गरी जोखिमको अवस्था हेरी तत्काल सहयोग गर्नु पर्ने अवस्था भएमा रु २०००।सम्मको सहयोग रकम संयोजकको एकल निर्णयबाट र सो भन्दा वढी रकमको सहयोग गर्नु पर्ने भएमा समितिको निर्णय बाट गराउनु पर्दछ।

ख) कोषको व्यवस्थापन र सञ्चालन गर्ने

ग) कोषबाट गरिने सहयोग रकमको निर्धारण एवं वितरण गर्ने

घ) कोषको रकम वृद्धि गर्न उपयुक्त रचनात्मक एवं प्रवर्द्धनात्मक कार्य गर्ने

ङ) कोषको रकम वृद्धिमा सहयोग गर्ने संघसंस्था तथा सहयोगिकर्ताहरुको विवरण अध्यावधिक गर्ने

च) कोषको आय व्ययको विवरण अध्यावधिक गरी राख्ने

छ) बालबालिकाको संरक्षण र सहयोगको निम्ति सरोकारवाला सरकारी निकायहरु, छिमेकी पालिकाहरु, बालबालिकाहरु सँग काम गर्ने गैरसरकारी संस्थाहरु, बालहेल्पलाइन नेपाल सँग आवश्यक समन्वय गर्ने

ज) आपत्कालिन अवस्थामा जोखिमयुक्त बालबालिकाको संरक्षणको लागि आवश्यक कार्य गर्ने

**१०) कोष व्यवस्थापन समिति तथा सञ्चालक समितिको बैठकः**

कोष व्यवस्थापन समिति तथा सञ्चालक समितिको बैठक देहाय बमोजिम वस्ने छ :

क) आपत्कालिन तथा जोखिममा रहेका बालबालिकाहरुको लागि तत्काल सहयोग रकमको निर्णय गर्न संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बैठक बस्ने छ।

ख) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ। संयोजक अनुपस्थित गाउँवालसंरक्षण समितिबाट प्रतिनिधित्व गर्ने सदस्यले गर्ने छ।

ग) सञ्चालक समितिले सहमतिय आधारमा निर्णय गर्ने छ र सहमति कायम हुन नसकेमा उपस्थित सदस्यको बहुमतको आधारमा निर्णय गर्नु पर्ने छ।

घ) सञ्चालक समितिको नियमित बैठक प्रत्येक दुई महिनामा नकट्ने गरी वर्षको ६ पटक वस्ने छ तथा आवश्यक परेको समयमा अन्य समयमा पनि वस्न सक्ने छ।

ङ) समितिले आवश्यकता अनुसार गाउँपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितीको वैठकमा आमन्त्रण गर्न सक्ने छ।

**११)कोषको उपयोगः**

कोषको रकम देहायको कामको लागि उपयोग गरने छ :

क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको पहिचान गर्ने,

ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको उद्धार गर्ने,

ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको अस्थायी संरक्षण गर्ने,

घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्ने ,

ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवार खोजी गरी पुर्नमिलन तथा पुर्नस्थापना गर्ने।

च) खण्ड(क) देखि(ङ) मा उल्लेखित कार्य सँग सम्वन्धित अन्य आवश्यक कार्य गर्ने।

**१२)कोषको रकम खर्च गर्न नपाइने :**

देहायको कार्यमा कोषको रकम खर्च गर्न पाइने छैनः

क) सञ्चालक समितिको बैठक खर्च ,

ख) कोषको प्रशासनिक, मसलन्द,छपाई, पत्रपत्रिका,विज्ञापन वा सो प्रकृतिको अन्य खर्च,

ग) बालबालिकाहरुको अनुगमन तथा स्थलगत भ्रमण खर्च।

१३) **कोषको स्वामित्व :**
यस कोषको स्वामित्व सुनकोशी गाउँपालिकामा रहने छ।

१४) **कार्यविधि संशोधनः**
यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा कोष व्यवस्थापन तथा सञ्चालक समितिको दुई तिहाई सदस्यको निर्णयले प्रस्थाव पेश गरी गाउँकार्यपालिकाको बैठकबाट आवश्यक भएमा परिमार्जन एवं संशोधन गर्न सकिने छ।

१५)गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष एवं गाउँकार्यपालिकाको भूमिकाः
यस कोष व्यवस्थापन तथा सञ्चालक समितिले गाउँपालिकाको तर्फबाट सेवा गर्ने छ र कोषको व्यवस्थापन र सञ्चालनमा सहयोग, अनुगमन, र नियमन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष एवं गाउँकार्यपालिकाबाट हुने छ।

१६)**लेखा परिक्षणः**
यस कोषको आय तथा व्ययको लेखा परिक्षण प्रचलित नियमानुसार दर्ता भएका लेखा परिक्षकहरुद्धारा वार्षिक रुपमा गरी गाउँसभाबाट अनुमोदन गरिने छ।

१७) **रकम फ्रिज नहुने**
प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस कोषको रकम आर्थिक वर्षको अन्त्य सम्म खर्च नभई वाँकी रहेमा सो रकम फ्रिज हुने छैन।

१८) **प्रतिवेदन प्रकाशन गर्नु पर्ने :**
१) समितिले आफूले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्ने छ।
२) उपनियम(१) बमोजिमको प्रतिवेदन गाउँकार्यपालिकाले वार्षिक रुपमा प्रकाशन गर्नु पर्ने छ।

१९) **कोषको सचिवालयः**
कोषको सचिवालय गाउँकार्यपालिकाको सम्वन्धित शाखामा रहने छ।

२०) **अभिलेख राख्नेः**
समितिले आफूले गरेको कामको अभिलेख चुस्त दुरुस्त राख्नु पर्ने छ।

२१) **संशोधन, स्वत निष्कृय वा खारेजी:**

१) गाउँकार्यपालिकाले आवश्यक ठानेमा कार्यविधि संशोधन गर्न सक्ने छ ।

२) गाउँपालिकाले उक्त कोष आवश्यक नठानेमा कोष खारेज गर्न सक्ने छ ।

३) उपनियम (२) बमोजिम कोष खारेज भएमा कोषको रकम गाउँपालिकामा स्वत हस्तान्तरण हुने छ।

४) यस कार्यीविधिमा लेखिएका प्रावधान प्रचलित कानुन सँग बाझिएमा बाझिएको हद सम्म स्वत निष्कृय हुने छ।

**आज्ञाले,**
**बसन्त न्यौपाने**
**प्रमुख प्रशासकिय अधिकृत**